annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १५६ पृष्ठ ८+८ | काठमाडौं, बिहीबार १७ असोज २०८१ | आश्विन शुक्लपक्ष प्रतिपदा नेपाल संवत् ११४४ | THURSDAY, OCTOBER 3, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# बाढीको बितण्डा



## ठूला पुल क्षत विक्षत, जनजीवन कष्टकर

**अबिरल वर्षासँगै आएको बाढी पहिरोले २१ वटा ठूला पुलमा क्षति गरेको छ। करोडौं बजेटमा वर्षौं लगाएर बनाइएका कतिपय पुल बगेका छन् त ! कतिपय भत्किएर आधाआधी मात्र बाँकी छन्।**

राजन गाउँले | *सिन्धुली*
रोजन तामाङ | *काभ्रे*
सुन्दर शिरीष | *सिन्धुपाल्चोक*
शिव उप्रेती | *गोरखा*
अजबी पौडेल | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

**बाढीले क्षतिग्रस्त बनेको बाह्रबिसे–तातोपानी नाकामा रहेको पुल।** ● सुन्दर शिरीष

## स्वास्थ्य संस्थाभित्रै पस्यो बाढी, रोग फैलने जोखिम !

**दिनेश गौतम** | *काठमाडौं*

बिरामीलाई उपचार गराएर निको पार्दै आएका सरकारी र निजी स्वास्थ्य संस्थाहरू थला परेका छन्। बाढी-पहिरो र डुबान प्रभावित ५७ वटा स्वास्थ्य संस्थाका भुइँतलामा बाढी पसेको छ।

बागमती र कोशी प्रदेशका कतिपय स्वास्थ्य संस्थाहरू बिरामी भर्ना गर्न नसक्ने अवस्थामा पुगेका छन्। काठमाडौंका निजीस्तरका ललितपुरस्थित नेपाल मेडिसिटी, किस्ट मेडिकल कलेज लगायतका अस्पताल पनि डुबानबाट प्रभावित भएका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार, सरकारी र निजी गरी ५७ वटा स्वास्थ्य संस्था बाढी-पहिरो र डुबानबाट प्रभावित भएका छन्। बाढी-पहिरो तथा डुबानमा परेका केही सरकारी र निजी स्वास्थ्य संस्थाहरू उपचार सेवा प्रवाह गर्न नसक्ने अवस्थामा छन्। बाढी र फोहोर पसेका कारण स्वास्थ्य संस्थाहरू संक्रामक रोग फैलाउने स्थल बन्ने जोखिम बढेको छ। त्यस्तै पानीका स्रोतहरू दूषित भएका कारण झाडापखाला, टाइफाइड, हैजा डेंगु निम्त्याउने जोखिम बढेको छ। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका क्लिनिकल रिसर्च युनिट संयोजक डा. शेरबहादुर पुनका अनुसार, स्वास्थ्य संस्थाहरू यतिबेला किटाणुयुक्त बन्न पुगेका छन्।

» विस्तृत पृष्ठ २



डुबानमा परेका स्वास्थ्य संस्थाको कम्पाउन्डमा लामखुट्टेले बासस्थान गराउन सक्छ। समयमै सचेत नहुने हो भने डेंगुले प्रकोपको रूप लिन सक्छ।

**डा. बाबुराम मरासिनी**
बरिष्ठ जनस्वास्थ्य विज्ञ



डुबान प्रभावित स्वास्थ्य संस्थालाई यथाशीघ्र संक्रमणरहित बनाउनुपर्छ। अहिलेदेखि नै सरकारले ध्यान दिनुपर्छ।

**डा. सुधा शर्मा**
पूर्वस्वास्थ्य सचिव




